# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

# स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी सूचना

नेपाल संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले आधारभूत तह (कक्षा १ देखि कक्षा ८ ) को लागि स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालय शिक्षामा समावेश गर्ने उद्देश्य राखेको छ । स्थानीय पाठ्यक्रम सम्बन्धमा प्राथमिक शिक्षा कार्यक्रम –२०६२ मा राखिएको विषयहरुमध्ये सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरेको छ । त्यसैगरी मातृभाषा र स्थानीय विषयलाई पाठ्यभार ४ र १०० पूर्णाङ्कको स्थानीय परिवेशअनुसार छुट्टै पाठ्यक्रम बनाई लागू गर्नुपर्ने व्यवस्था गरिएको छ । आधारभूत शिक्षा कार्यक्रम २०६९ का अनुसार कक्षा ६ देखि कक्षा ८ सम्मको पाठ्यक्रममा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० को पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने व्यवस्था गरिएको छ ।

भक्तपुर नगरपालिका शैक्षिक २०७५ देखि नगरका विद्यालयहरुमा कक्षा १ र कक्षा ६ को लागि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम तथा कक्षा १ को लागि सामाजिक अध्ययन, सिर्जनात्मक कला तथा शारीरिक शिक्षाको २० प्रतिशत स्थानीय पाठ्यक्रम निर्माण गर्न विभिन्न सरोकारवालाहरुसँग रायसुझाव लिइरहेको हुँदा आफ्नो अमूल्य रायसुझाव दिई स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

## स्थानीय पाठ्यक्रमका सम्भावित क्षेत्रहरू

१) भक्तपुर पहिचान
२) भक्तपुर इतिहास
३) स्थानीय सीप र प्रविधि
४) स्थानीय पर्यटन
५) स्थानीय खेल

## सुझाव बुझाउने स्थानहरू

१) भक्तपुर नगरपालिका
२) जनज्योति पुस्तकालय – भ.न.पा.